# विश्व न्याय गृह
# रिज्ज्वान २०१२

विश्वभरका बहाईहरूका लागि
अति प्रिय मित्रहरू,

१. एक सय वर्ष अघि रिज्ज्वानको एघारौं दिनको मध्य अपरान्हमा केही सय दर्शकहरूको सामुन्ने उभिएर एउटा श्रमिकको चुच्चे कोदालो (पिक) उठाएर शिकागो शहरको उत्तरमा पर्ने ग्रोस प्वाइन्टमा अवस्थित मन्दिर निर्माण स्थलको चौरको माटो अब्दुल-बहाले फोर्नु भयो । उहाँका साथमा यसरी जमीन फोर्नका लागि आमन्त्रित व्यक्तिहरू विभिन्न पृष्ठभूमिका थिए-जस्तै नर्विजन, भारतीय, फ्रान्सेली, जापानी, इरानी, अमेरिकी आदिवासी । यस्तो देखिन्थ्यो कि यो अझै बनिनसकेको उपसना गृहले अब्दुल-बहाले समारोहको साँझ प्रकट गर्नु भएको यो इच्छा पूरा हुन थालिसकेको थियो : "मानवजातिले भेला हुनका लागि स्थान प्राप्त गर्न सक्ने छ ," र "यसको पवित्रताको खुल्ला आँगनबाट मानव एकताको घोषणा बाहिर निस्कने छ ।"

२. त्यस अवसरमा उपस्थित श्रोताहरू र उनको इजिप्ट तथा पश्चिमी मुलुकहरूका भ्रमणहरूमा उनका प्रवचनहरू सुन्नेले समाजको लागि उनका शब्दहरूका दूरगामी परिणामहरूका मान्यता र दत्तचित्ततालाई अस्पष्ट किसिमले मात्र बुझेको हुनु पर्छ । अझै पनि बहाउल्लाहको प्रकटीकरणको निर्माण गर्ने भावी समाजको दूरस्थ र अस्पष्ट चित्रण बाहेक कसैले अरु केही देखेको दावी गर्न सक्छ ? कसैले पनि यो अडकल नगरुन् कि मानवजातिलाई दैवी शिक्षाहरूले जुन सभ्यतातिर धकेलि रहेको छ त्यो वर्तमान व्यवस्थाको समायोजनबाट मात्र हुने हो । यो अवश्य होइन । पश्चिमको मातृ मन्दिरको शिलान्यास गरेको केही दिन पछि दिनु भएको प्रवचनमा अब्दुल-बहाले भन्नु भयो, "आध्यात्मिक शक्तिहरूको प्रकटीकरणका परिणामहरू मध्ये एउटा यो हो कि मानव संसारले एउटा नयाँ सामाजिक रुप धारण गर्ने छ" र "ईश्वरको न्याय सम्पूर्ण मानव कारोवारमा प्रकट हुने छ ।" यस सह्रशताब्दीको समयमा बहाई समुदायले अब्दुल-बहाका यी र यस्ता अनगिन्ती अभिव्यक्तिहरूतर्फ अभिमुख भइरहेको बेलामा उनका विचारहरूले हालको समाजिक व्यवस्था र उनका पिताले विश्वलाई उपहारस्वरुप दिइएको अन्तर्दृष्टि बीचको दूरीबारे चेतना गर्दछन् ।

३. तर अपसोच, प्रत्येक भूमिमा असल नियतका व्यक्तिहरूले समाजलाई सुधार्नका लागि गरेका प्रशंसनीय प्रयासहरूका बाबजुद धेरैका लागि विभिन्न बाधा अड्चनका कारण यस्तो कल्पना हासिल गर्न प्राय असंभव देखिएको छ । त्यस्ता व्यक्तिहरूका आशाहरू त्यस बेला डुबेर जान थाल्छन् जब मानव प्रवृत्ति बारेका गलत अनुमानहरू समाजको रचना र परम्परामा यति व्याप्त भइसकेका छन् कि तिनीहरूले स्थापित तथ्यको स्थान प्राप्त गरिसकेका छन् । यस्ता अनुमानहरूले गर्दा कुनै पनि ज्ञान-प्राप्त व्यक्ति आफ्नो लागि उपलब्ध आध्यात्मिक स्रोतको अद्भूत जलाशयबाट केही प्राप्त गर्ने व्यवस्था समेत छैन ; बरु, प्रमाणका लागि मानव जातिका त्यस्ता असफलताहरूमा भर पर्छन् , जसका उदाहरणहरूले दैनिक रुपमा सर्वव्यापी नैराश्यको आभास दिन्छन् । गलत पूर्वाग्रहहरूको पर्दाका तहतहले एउटा आधारभूत सत्यलाई ढाकेको छ : विश्वको अवस्थाले मानव आत्माको बाङ्गो टेडो अवस्थालाई प्रतिबिम्ब गर्दछ , यसको सारभूत प्रकृतिलाई होइन । प्रत्येक ईश्वर-अवतारको उद्देश्य मानव जातिको भित्री जीवन र बाहिरी अवस्थामा परिवर्तन ल्याउनु हो । र यो परिवर्तन प्राकृतिक रुपले त्यस बेला हुन जान्छ जब दैवी सिद्धान्तहरूद्वारा एक जुट भएको मानिसहरूको बढ्दो समुदायले सामूहिक रुपमा सामाजिक परिवर्तनको लागि आफ्नो आध्यात्मिक क्षमताहरूको विकास गर्न खोज्छन् । ख्वामित (अब्दुल-बहा)ले एक शताब्दि अगाडि फोर्नु भएको कडा माटोसँग संवन्धित, कुरा यो हो कि यस युगका प्रचलित सिद्धान्तहरूलाई यसो हेर्दा परिवर्तन गर्न नसकिने जस्तो देखिन सक्छन् , तर तिनीहरू निसन्देह बिलाएर जानेछन् र "ईश्वरको कृपाको वासन्तिक वर्षा" द्वारा "सच्चा ज्ञानका फूलहरू" ताजा र सुन्दर रुप लिएर फूल्न थाल्ने छन् ।

४.	हामी ईश्वरप्रति कृतज्ञता ज्ञापन गर्दछौं कि उनको शब्दको शक्तिद्वारा तपाईंहरू- उनको अति महान नामको समुदायले त्यस्तो वातावरणको विकास गर्नेछन् जहाँ सच्चा ज्ञान फूलहरू सरह फक्रिने छ। प्रभुधर्मका लागि कैद भोगिरहेकाहरूले पनि, तिनीहरूको त्याग र अटलताका कारण, संवेदनशील हृदयहरूमा "ज्ञान र बुद्धिका नलिनी (हायसिन्थ) फूल्न सम्भव गराएका छन् । विश्वभरिका उत्सुक आत्माहरू पाँच वर्षे योजनाका प्रावधानहरूको सुनियोजित कार्यान्वयनद्वारा एउटा नयाँ संसार निर्माण गर्ने काममा व्यस्थ छन् । योजनाका विशेषताहरू यति राम्ररी बुझिसकिएका छन् कि तिनीहरूको बारेमा यहाँ अरु टिप्पणी गर्न पर्ने आवश्यक महसुस गरेका छैनौं । सर्व-दानी परमेश्वरका संघारमा हामीले गर्ने याचना यही हो कि सर्वोच्च जमातले तपाईंहरू प्रत्येकलाई पाँच वर्षे योजनाको प्रगतिमा योगदान पुऱ्याउन मद्दत गरुन् । गत वर्षभरि तपाईंहरूले गरेका पुनित कार्यहरूबाट प्रेरित भएको हाम्रो उत्कट इच्छा यही छ कि तपाईंहरूले अटलताका साथ आफ्ना अनुभवबाट प्राप्त ज्ञानलाई प्रयोग गर्नु हुनेछ । अहिले पछि हट्ने बेला छैन ; धेरै मानिसहरू नयाँ प्रभातबारे अझै अनभिज्ञ छन् । तपाईंहरूले बाहेक यो दैवी सन्देश अरु कसले सुनाउन सक्छ ? धर्मबारे चर्चा गर्दै बहाउल्लाहले यसरी पुष्टि गर्नु हुन्छ , "ईश्वरको शफत, यो अन्तर्दृष्टि र निर्लिप्तताको, कल्पना र उन्नतिको रङ्गभूमि हो, जहाँ सृष्टि संसारका सबै सम्बन्धलाई तोडिसकेका करुणामय प्रभुका बहादुर घोडसवारहरूले मात्र आफ्ना घोडालाई दौडाउन सक्छन् ।"

५.	बहाई संसारले गरिरहेको काम हेर्नु भनेको एउटा उज्ज्वल दृश्य हेर्नु हो । कुनै अनुयायीले अरुलाई आफ्नो सृष्टिकर्तासँग सम्पर्क राख्नका लागि अरुलाई आमन्त्रण गर्दछ र मानवजातिको सेवा गर्दछ भने त्यसलाई यस युगका स्वामिले चाहेको आध्यात्मिक परिवर्तनका चिन्ह मात्र सकिन्छ । कुनै पनि बहाई समुदायले आफ्ना सबै उमेरका सदस्यहरू लगायत आफ्ना मित्रहरू तथा सहयोगीहरूद्वारा सामुहिक कल्याणका लागि गरेका क्रियाकलापहरूलाई बल दिने भावनामा हामीले दैवी शिक्षाका आधारमा निर्माण गरिएको समाज कस्तो हुनेछ भन्ने कुराको संकेत देख्दछौं । र ती विकसित क्लष्टरहरूमा, जहाँ योजनाको प्रारुप अनुसार प्रचुर मात्रामा क्रियाकलापहरू कार्यान्वयन भएका छन् र विभिन्न कार्यक्षेत्रहरू बीच सामञ्जस्यताको आवश्यकता अति जरुरी देखिएको छ त्यहाँ विकास भइरहेका प्रशासनिक यन्त्रहरू धर्मका संस्थाहरूले मानव कल्याण र प्रगतिको प्रवन्धमा कसरी क्रमैसँग आफ्ना उत्तरदायित्वहरू वहन गर्नेछन् भन्ने कुरा जति सुकै फिक्का रुपमा भएपनि त्यसका टलकहरू प्रस्तुत हुन्छन् । यो कुरा स्पष्ट छ कि व्यक्ति व्यक्ति, समुदाय र संस्थाहरूको विकासबाट धेरै गर्न सकिन्छ । अझ, हामी विशेष हर्षका साथ यो देखेका छौंकि यी तीन बीचको सम्बन्ध कोमल, स्नेह र पारस्पिरिक सहयोगद्वारा गाँसिकएको छ ।

६.	यसको विपरित, विश्वका यस्तै तीन पात्रहरू-नागरिक, राजनीतिक संगठन र समाजका विभिन्न संस्थाहरू बीचको सम्बन्धमा भने मानवजातिको एक संक्रमण काललाई प्रतिबिम्ब गर्ने बेमेलको अवस्था पाइन्छ । एउटा सिङ्गो जैविक वस्तुको पारस्परिक निबन्धनका अङ्गको रुपमा आफूहरूलाई स्वीकार्ने अनिक्षाका कारण तिनीहरू शक्तिका लागि संघर्षमा, जुधिरहेका छन् जुन अन्त्यमा निरर्थक सावित हुन्छ । अब्दुल-बहाले कैयौं धर्मपत्रहरूमा चित्रण गर्नु भएको समाज भने कति भिन्न छ -जहाँ दैनिक अन्तर्क्रिया देखि राष्ट्र राष्ट्रबीचको सम्बन्धहरू मानव एकताको चेतनाबाट बनेको हुन्छ । यस्तो चेतनाद्वारा प्रेरित, सम्बन्ध बहाईहरू र उनीहरूका साथीहरूले विश्वभरि नै गाउँ गाउँ तथा छरछिमेकमा विकास गर्दैछन् ; तिनीहरूबाट स्वच्छ पारस्परता र सहयोग, सहमति र प्रेमको स्वच्छ सुवास पाउन सकिन्छ ।  यस्ता सरल वातावरणमा समाजको स्वाभाविक संघर्षको ज्वलन्त विकल्प निस्कदैछ । यसरी यो स्पष्ट हुन्छ कि कुनै व्यक्तिले उत्तरदायी ढङ्गले सामूहिक भलाईका लागि हुने विचार विमर्शमा आफ्नो विचार गंभिरताकासाथ व्यक्त गर्न सक्छ र आफ्नो व्यक्तिगत विचार ढिपी गर्ने प्रकृतिलाई त्यागदछ , बहाई संस्थाले फलदायी उद्देश्य-प्राप्तिका लागि प्रयोग गरिने संयोजित कार्यको आवश्यकतालाई बुझेर नियन्त्रण गर्नु सट्टा त्यसलाई हुर्काउने र प्रोत्साहित गर्ने उद्देश्य राख्दछ ; आफ्नो विकासको जिम्मा आफैले लिएको समुदायले भने आफ्ना संस्थाहरूले तयार पारेका आयोजनाहरूको निःसंकोच कार्यान्वयनले प्रदान गरेको एकतालाई अमूल्य

जेथाको रुपमा स्वीकारेको हुन्छ । बहाउल्लाहको प्रकटीकरणको प्रभावबाट यी तीन बीचको सम्बन्धलाई एउटा न्यानोपन, नयाँ जीवन दिएको हुन्छ ; समष्टिमा, यी सबले एउटा गर्भाशयको रुपलिएको छ, जसभित्र एउटा विश्व आध्यात्मिक सभ्यताले, दैवी सभ्यताको प्रेरणाको छाप बोकेर, क्रमैसँग परिपक्कता हाँसिल गर्दछ ।

७. प्रकटीकरणको प्रकाशले मानव प्रयासको हरेक क्षेत्रलाई उज्यालो पार्ने पक्का छ ; प्रत्येक क्षेत्रमा समाजलाई थाम्ने सम्बन्धहरूलाई नयाँ रुप प्रत्येकमा, मानवजातिले एक अर्कासँग कसरी व्यवहार गर्ने हो भन्ने कुराका उदाहरणहरूको खोजिगरिने छ । तपाईंहरूलाई विचार गर्नका लागि हामीले मानवजातिको आर्थिक जीवन प्रस्तुत गरेका छौं किनकि हालै यसले मच्चाएको हलचलमा थुप्रै मानिसहरू संलग्न भएका छन् र यसमा अन्यायलाई उदासिनताकासाथ सहने गरिएको छ र असमान लाभलाई सफलताको चिन्ह मानिएको छ । यस्ता हानीकारक प्रवृत्तिहरूले यति गहिरो जरा गाडिसकेका छन् कि यस क्षेत्रमा स्थापना भएका सम्बन्धहरूको प्रचलित स्तरलाई कुनै एक व्यक्तिले एक्लै बदल्न सक्ला भन्ने कल्पना समेत गर्न गाह्रो छ । तैपनि, यस्ता चलनहरू छन् जसलाई बहाईहरूले त्याग्नु पर्दछ, जस्तै आफ्ना कारोबारमा बेइमानी र अरूहरूको आर्थिक शोषण । दैवी निर्देशनहरूलाई सच्चाईकासाथ मान्नु भनेको आफ्नो आर्थिक आचरण र एक बहाईको रुपमा आफ्नो विश्वास बीच कुनै भेद नहुनु हो । ईमान्दारी र निश्पक्षता सम्बन्धी सिद्धान्तहरूलाई आफ्नो जीवनमा प्रयोग गरेर एउटा आत्माले पनि यस्ता आदर्श अप्नाउन सक्छ विश्वले आफूलाई नाप्ने निम्न स्तरको सीमाभन्दा उच्च हुनेछ । आकाँक्षा गर्न लायक एउटा जीवन पद्धति नपाएर मानवजाति थाकिसकेको छ ; त्यस्ता चालचलन भएका समुदायहरू हुर्काउनोस् जुन विश्वकै लागि आशाको स्रोत बन्न सक्छ । यसको लागि हामी तपाईंहरूतिर हेरिरहेका छौं ।

८. रिज्वान २००१ को हाम्रो सन्देशमा हामीले उल्लेख गरेका थियौं कि जुन देशहरूमा फौजको संख्यामा प्रवेश निक्कै अगाडि बढेको छ र राष्ट्रिय समुदायहरूको अवस्था अनुकूल छन् । त्यहाँ राष्ट्रिय स्तरका मन्दिरहरू निर्माण गर्न स्वीकृति दिने छौ । यसको शुरुवात धर्मको निर्माणाधिनको युगको पाँचौ चरणको एउटा लक्षणको रुपमा लिन सकिन्छ । अति हर्षका साथ हामी यो सुनाउन चाहन्छौं कि दुईवटा देशहरूमा राष्ट्रिय माश्रिकुल-अध्कार निर्माण हुनेछन् : डेमोक्राटिक रिपब्लिक अफ कंगो र पपुवा न्यू गिनी । यी देशहरूमा हामीले तोकेको मापदण्डहरू स्पष्टरुपले पूरा भएका छन् र हालका योजनाहरूले सृजना गरेका संभावनाहरूप्रति त्यहाँका जनताहरूका प्रत्युत्तरलाई आश्चर्यजनक मान्नु पर्छ । सान्टियागोमा निर्माण भइरहेको अन्तिम महाद्वीपिय मन्दिरको काम अघि बढी रहेको बेलामा राष्ट्रिय स्तरका मन्दिरहरू निर्माण गर्ने आयोजनाहरूको शुरुवातलाई प्रभु धर्मले समाजको माटोमा जरा गाड्न थालेको एउटा सन्तोषजनक प्रमाणको रुपमा लिन सकिन्छ ।

९. अर्को एउटा कदम सम्भव छ । “विश्वको एक अति आवश्यक संस्था” भनेर अब्दुल-बहाले वर्णन गर्नु भएको माश्रिकुल-अध्कारले बहाई जीवनका दुई अभिन्न पक्षहरूको संयोग हो : उपसना र सेवा । योजनामा समुदाय विकास गर्ने पक्षहरूको संयोजनमा पनि यी दुई कुराहरूको संयोग प्रतिबिम्बित हुन्छ, खासगरी प्रार्थनाको लागि भेला हुने र मानवजातिको सेवा गर्ने क्षमता बढाउने शैक्षिक प्रक्रियामा भक्तिभावको भावना वृद्धि भएको कुरा व्यक्त हुन्छ । उपसना र सेवाको अन्तरसम्बन्ध विश्वका ती क्लष्टरहरूमा विशेष रुपले देखिन्छन् जहाँ बहाई समुदायहरूको संख्या र प्राणशक्ति उल्लेखनीय रुपले वृद्धि भएकोछ र जहाँ सामाजिक कार्यहरूमा संलग्न भएको स्पष्ट हुन्छ । यी मध्ये केहीलाई ज्ञानको प्रसार गर्ने शिक्षण स्थलको रुपमा तोकिएको छ, ता कि सम्बन्धित क्षेत्रहरूमा साथीहरूको नव युवा कार्यक्रमलाई अगाडि बढाउने क्षमताको विकास गर्न सकियोस् । हामीले हालै औंलाए अनुसार यो कार्यक्रमलाई स्थायित्व दिन सक्ने क्षमताले अध्ययन कक्षा र बालकक्षाको विकासलाई पनि उर्जा दिन सक्छ । यसरी यसको प्राथमिक उद्देश्यको अलावा यस्तो शिक्षण स्थलले विस्ता र सुदृढीकरणको योजनालाई थप बल दिनेछ । आउँदा वर्षहरूमा यी क्लष्टरहरूमा स्थानीय माश्रिकुल-अध्कार बन्छ होला भन्ने अनुमान गर्न सकिन्छ । प्राचिन सौन्दर्यप्रति कृतज्ञताले भरिएको हृदय लिएर हामी खुशीका साथ यो सुनाउन चाहन्छौ कि निम्न लिखित क्लष्टरहरूमा स्थानीय माश्रिकुल-अध्कार निर्माण गर्नका लागि सम्बन्धित राष्ट्रिय

आध्यात्मिक सभाहरूसँग विचार विमर्श गर्न थालेका छौं: वट्टामवाङ्ग, क्याम्बोडीया, विहार सरीफ, भारत, माटुण्डा सोय, केन्या ; नोर्टे डेल कसा, कोलम्बीया; र टान्ना, भानुआटु ।

१०. यी दुईवटा राष्ट्रिय र पाँचवटा स्थानीय माश्रिकुल-अध्कारको निर्माणमा यी सबै आयोजनाहरूलाई सहयोग गर्न एउटा मन्दिरको कोष खडा गर्ने निर्णय गरेका छौं । सबै ठाउँका मित्रहरूलाई आफ्नो आर्थिक स्थितिले भ्याएसम्म त्यागपूर्ण भावनाले सहायता गर्न आव्हान गरिएको छ ।

११. प्यारा सह-कर्मीहरू : अब्दुल-बहाको हातबाट एक सय वर्ष अघि फोरिएको जमीन जस्तै अब सातवटा मुलुकहरूमा फेरि फोरिदैछ, यो त त्यस दिनको पूर्वाभास मात्र हो जब बहाउल्लाहको आदेशको पालना बमोजिम प्रत्येक शहर र गाउँमा प्रभु ईश्वरको पूजा अर्चनाका लागि एउटा भवन खडा गरिनेछ । ईश्वरको सम्झनाका यी उदयविन्दुबाट उनको ज्योति किरणहरू चम्कने छन् र उनको प्रशंसाका स्तुतिगान गुन्जने छ ।

विश्व न्याय गृह